केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : nrbbfirdppd@nrb.org.np
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि. ⁄ नीति ⁄ परिपत्र ⁄ ४ ⁄ ०६७ ⁄ ६८ मितिः २०६७ ⁄ ०५ ⁄ १३

**सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको लागि देहायका विषयको सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु ⁄ गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई पत्र संख्याः बै.वि.नि.वि. ⁄ नीति ⁄ परिपत्र ⁄ २ ⁄ ०६७ ⁄ ६८ मिति २०६७ ⁄ ०४ ⁄ २६ मा जारी परिपत्रको बुँदा नं.(४) मा भएको व्यवस्थालाई देहाय बमोजिम परिमार्जन गरिएको छ ।

*यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले कुनै पनि किसिमको चेकको धितो ⁄ सुरक्षणमा कर्जा प्रवाह गर्न पाइने छैन । तर, यो व्यवस्थाले प्रचलित नीतिगत व्यवस्थाको अधिनमा रही चेक (विल्स) खरिद तथा डिस्काउन्ट गर्न बाधा पुगेको मानिने छैन ।*

२. यस बैंकबाट जारी भएको एकीकृत निर्देशन इ.प्रा.निर्देशन नं ८।०६७ को बुँदा नं ३. को उपबुँदा नं (१) मा देहाय बमोजिमको व्यवस्था थप गरिएको छ ।

*तर कर्जा सूचना केन्द्र लि., Nepal Clearing House Ltd. र National Banking Training Institute को शेयरमा लगानी गर्दा माथि उल्लेख भए अनुसारको लगानी समायोजन कोष खडा गर्नु पर्ने विद्यमान व्यवस्थामा छुट प्रदान गरिएको छ ।*

३. यस बैंकबाट जारी भएको एकीकृत निर्देशन इ.प्रा.निर्देशन नं ४।०६७ को बुँदा नं २(ख)(३)(ग) मा देहाय बमोजिमको व्यवस्था थप गरिएको छ ।

*तर कर्जा सूचना केन्द्र लि., Nepal Clearing House Ltd र National Banking Training Institute को शेयरमा गरिएको लगानीका हकमा माथि उल्लेख भए अनुसारको २% सम्मको रकमले गणना हुने रकम लगानी समायोजन कोष खडा गरी राख्नु पर्ने विद्यमान व्यवस्थामा छुट प्रदान गरिएको छ ।*

४. उपर्युक्त बुँदा नं. (२) र (३) मा उल्लिखित संस्थाहरुको शेयरमा भएको लगानीको हकमा यस बैंकबाट जारी *Capital Adequacy Framework, 2007 (updated July, 2008)* को बुँदा नं ५.२ *(C) Available for Sale* मा लगानी समायोजन कोष खडा गरी विक्रीको लागि उपलब्ध लगानीको २% सम्मको रकमले गणना हुने रकम राख्नु पर्ने व्यवस्थामा समेत छुट प्रदान गरिएको छ ।

भवदीय,

(वासुदेव अधिकारी)
निर्देशक

**बोधार्थ :**

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
३. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
८. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
९. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
१०. श्री नेपाल वित्त कम्पनी संघ, बागदरबार, बिजनेस कम्प्लेक्स, काठमाण्डौं ।
११. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं ।